# माछापुच्छ्रे बैंक लिमिटेडको
# सोह्रौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७१ कार्तिक २४ गते बसेको संचालक समितिको २६८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको सोह्रौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी. ज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय :

**मिति :** २०७१ साल मंसिर २६ गते (तदनुसार १२ डिसेम्बर २०१४), शुक्रवार
**समय :** बिहान ११:०० बजे (हाजिरी विहान १०:०० बजेदेखि अपरान्ह २:०० बजे सम्म)
**स्थान :** होटल फेवा प्रिन्स, कुण्डहर, पोखरा, कास्की

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | श्री सूर्य बहादुर के.सी.<br>(श्री पि.के.आर. ईन्भेष्टमेण्ट प्रा.लि. को तर्फबाट) | - | अध्यक्ष |
| (ख) | श्री प्रकाश के.सी. | - | सञ्चालक |
| (ग) | श्री गोपी कृष्ण न्यौपाने<br>(श्री हिमालयन ईन्टरप्राईजेट प्रा.लि. को तर्फबाट) | - | सञ्चालक/लेखापरिक्षण समितिका संयोजक |
| (घ) | श्री ज्ञान प्रसाद कर्माचार्य | - | सञ्चालक |
| (ङ) | डा. विरेन्द्र प्रसाद महतो | - | सञ्चालक |
| (च) | श्री मंगेशलाल श्रेष्ठ<br>(श्री काश ट्रेडिङ्ग हाउस प्रा.लि. को तर्फबाट) | - | सञ्चालक |
| (छ) | श्री राममान श्रेष्ठ | - | सञ्चालक |

(सञ्चालक श्री रमेश कुमार निरौलाज्यूले स्वास्थ्य स्थितीको कारणले साधारण सभामा उपस्थित हुन नसक्ने व्यहोरा जानकारी गराई अनुपस्थित रहनु भएको थियो)

### पदाधिकारीहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | श्री तुलसीराम गौतम | - | प्रमुख कार्यकारी अधिकृत |
| (ख) | श्री उमेश सिंह भण्डारी | - | सहायक महाप्रबन्धक |
| (ग) | श्री अर्जुन थापा | - | क्षेत्रीय प्रबन्धक |
| (घ) | श्री सन्तोष कोईराला | - | वरिष्ठ प्रबन्धक |
| (ङ) | श्री सर्जु थापा | - | वरिष्ठ प्रबन्धक |
| (च) | श्री टिका भट्टराई | - | कम्पनी सचिव |
| (छ) | श्री सुभाष जमरकट्टेल | | वित्त तथा योजना विभाग प्रमुख |
| (ज) | श्री ईश्वर बहादुर रावल | | प्रशासन प्रमुख |

**पर्यवेक्षकहरूको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | श्री महेश खनाल | - | एम. खनाल एण्ड कम्पनी, लेखापरिक्षक |
| (ख) | श्री बालकृष्ण ढकाल | - | कानूनी सल्लाहकार |
| (ग) | श्री मुकुन्द राज अर्याल | - | निर्बाचन अधिकृत |

**शेयरधनीहरुको उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | २४५ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ११० जना |

## ४. सभाको सुचना :

सोह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०७०/७१ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरीने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०७१ कार्तिक २६ गतेको नागरिक दैनिकमा प्रकाशित भएको थियो भने सो पछि मिति २०७१ मंसिर १ गतेको कारोबार दैनिक र मिति २०७१ मंसिर १९ गतेको नेपाल समाचारपत्र दैनिकमा समेत प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सुचित गरिएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७०/७१ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७१ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७०/७१ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पुर्ण वित्तीय विवरणहरु पारित गर्ने ।

३. आर्थिक वर्ष २०७१/७२ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक एम. खनाल एण्ड कं. चार्टर्ड एकाउण्टेन्ट्स्को अवधि तीन बर्ष पूरा भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम पुन: नियुक्त हुन सक्नुहुन्न) ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. १,५६,५५,५४४.५९ (अर्थात चुक्ता पुँजीको ०.६३ प्रतिशत) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि) प्रदान गर्न स्वीकृत गर्ने ।

५. संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ५ (पाँच) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. २९,७४,५५,३४७.२० बराबर (अथार्त प्रत्येक १०० कित्ता शेयर बराबर १२ कित्ताका दरले) वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. प्रस्तावित बोनस शेयर जारि भई कायम भएको चुक्ता पूँजीको २०% अर्थात प्रत्येक ५ कित्ता शेयर बराबर १ कित्ताका दरले हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव पारित गर्ने ।

३. बैंकले आर्थिक वर्ष २०७०/७१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. १,३६,४२८/- अनुमोदन गर्ने ।

४. निम्न विषयहरुका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक फेरबदल/ परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(क) बैंकको अधिकृत पूँजी बृद्धि गरि रु. ५,००,००,००,०००/- (रु. पाँच अर्ब) पुऱ्याउने र विशेष प्रस्ताव नं. १ र २ बमोजिम जारि गरिने बोनस तथा हकप्रद शेयरको हदसम्म जारि पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने,

(ख) बैंकले गर्न सक्ने कार्यहरुमा धितोपत्रको निक्षेप सेवा (डिपोजिटरी पार्टिसिपेण्ट सर्भिसेस्) प्रदान गर्न सक्ने कार्य थप गर्ने,

(ग) संचालक समितिका अध्यक्ष र सदस्यको वैठक भत्ता क्रमसः रु. १०,०००/- र रु. ८,०००/- कायम गर्ने र मोवाईल तथा पत्र पत्रिका खर्च प्रति महिना रु. १०,०००/- कायम गर्ने,

(घ) शेयरधनीहरुले हकप्रद शेयर खरिद गर्न पाउने हक हस्तान्तरण गर्न सक्ने व्यवस्था कायम गर्ने ।

**ग. विविध : (**विविध अन्तर्गत केही विषय नभएको)

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्धारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| १६,०३७ (क-ख समुह) | ३५५ (स्वयं २४५ जना र प्रतिनिधिपत्रद्धारा ११० जना) | १,५६,१३,६०८ | ६२.९९% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धि सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशतभन्दा बढी ६२.९९ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

आजको यस सभाको अध्यक्षता/सभापतित्व गरी दिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापति श्री सूर्य बहादुर के.सी.ज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कार्वाही अगाडि बड्यो ।

## ८. प्रमुख कार्यकारी अधिकृतज्यूवाट स्वागत मन्तव्य :

बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूले बैंकको यस सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु भयो । साथै, प्रमुख कार्यकारी अधिकृतज्यूले बैंकको हालको अवस्था, भावि कार्यक्रमहरु तथा रणनीति र व्यापारिक कार्ययोजनाको सम्बन्धमा निम्न बमोजिम सभालाई जानकारी गराउनु भयो ।

- १६ बर्ष अगाडि क्षेत्रीय बैंकको रुपमा स्थापित यस बैंकले आज आफ्नो स्वरुपलाई विस्तार गर्दै राष्ट्रिय स्तरका “क” वर्गका बाणिज्य बैंकहरुको सूचिमा समेत आफुलाई अग्र पंक्तिमा उभ्याउन सफल भएको छ ।
- बैंकले १ एक्स्टेन्सन् काउण्टर सहित देशभरी कूल ५६ वटा शाखा सञ्जाल विस्तार गरेको छ, जसमध्ये काठमाडौं उपत्यका भित्र १७ र पोखरा क्षेत्रमा १५ शाखाहरु रहेको छ । चालु आर्थिक बर्ष भित्र बैंकले थप ७ वटा शाखाहरु खोल्ने योजना गरेको छ ।
- हाल देशभरी बैंकका कूल ६९ वटा ATM काउण्टर रहेको ।
- बैंकले निक्षेपमा प्रदान गर्दै आएको आकर्षक ब्याज, अत्याधुनिक बैकिङ्ग सेवा, साना लघु कर्जा तथा ठूला उद्यमी व्यवसायीक कर्जा ग्राहकहरुलाई सक्दो राम्रो सेवा प्रदान गर्ने प्रतिवद्धताका प्रतिक हुन् भने करिब ३ लाख ५० हजार ग्राहक संख्या, रु. ३७ अर्बभन्दा बढीको डिपोजिट र रु. ३२ अर्ब जतिको कर्जा लगानी जस्ता सूचकहरुले बैंकको बित्तीय स्थीति सुदृढ तथा सवल रहेको स्पष्ट पारेको छ ।
- बैंकले साना तथा मझौला व्यवसाय कर्जा र कृषि कर्जामा विशेष जोड दिदै आएको छ ।
- बैंकले सेफ डिपोजिट लकर सुविधा, ३६५ दिने बैकिङ्ग सुबिधा, सन्ध्याकालीन एवं प्रभातकालिन बैकिङ्ग सेवा, भिसाडेबिट कार्ड, मोबाइल बैंकिङ्ग, ईण्टरनेट बैंकिङ्ग, रेमिट्यान्स लगायत आधुनिक बैंकिङ्ग सेवा समेत प्रदान गर्दै आइरहेको छ ।
- बैंकले प्रदान गर्ने सम्पूर्ण सेवाहरुलाई अझ बढी व्यवस्थीत, सहज तथा प्रभावकारी रुपमा सबै ग्राहक महानुभावहरुलाई प्रदान गर्न बैकले आफ्ना सबै शाखाहरुबाट यस्ता सेवाहरु उपलब्ध गराउने ब्यबस्था गरेको छ ।
- बैकले आफ्नो दैनिक बैकिङ्ग कारोवार संचालनको लागि बिश्व बिख्यात Swiss Core Banking Software, Globus T24 प्रयोग गरेको, जसलाई हालसालै 7th Version बाट 12th Version मा Upgrade गरेको छ ।
- बैकले आाफ्ना ग्राहक महानुभावहरुलाई Any Branch Banking सेवा, ग्राहकहरुको मासिक टेलिफोनको बिलको भुक्तानी सेवा, ग्राहकको मोवाईलको मासिक बिल भुक्तानी सेवा जस्ता सेवाहरु प्रभावकारीरुपमा उपलब्ध गराउँदै आएको छ ।
- समग्र वित्तीय क्षेत्रमा देखा परेको कडा प्रतिस्पर्धा, सिमित लगानीका अवसरहरु, देशमा विद्यमान तरल राजनैतिक अवस्था र यसले अर्थतन्त्रमा पार्न सक्ने दूरगामी प्रभाव जस्ता कुराहरुलाई मध्यनजर राख्दै बैंकले उचित जोखिम व्यवस्थापन, संस्थागत शुसासन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई उच्च प्रथमिकता दिँदै आएको छ ।

- बैंकको कर्पोरेट कार्यालय, काठमाण्डौं, प्रधान कार्यालय पोखरा, दमौलि शाखा, बाग्लुङ्ग शाखा र जोमसोम शाखा आफ्नै स्वामित्वको भवनवाट संचालित रहेको र भैरहवामा समेत भवन निर्माणका लागि जग्गा खरिद गरिएको छ ।

- अन्तमा, बैंकको संचालक समितिको उचित मार्गदर्शन तथा सहयोग, शेयरधनीहरुको सद्भाव, सल्लाह तथा कर्मचारी साथीहरुको व्यवसायिक कुशलता, कठिन परिश्रमका कारणले नै आज बैंकलाई यस उचाईमा पुऱ्याउन सफल भएको हुँदा सम्बन्धित सबैपक्षप्रति आभार प्रकट गर्दै यस १६ औं बार्षिक साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी महानुभावहरुलाई पुनः स्वागत तथा आभार प्रकट गर्नु भयो ।

## ९. सभाका सभापतिज्यूबाट संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले आफ्नो मन्तव्य सहित बैंकको संचालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको मिति २०७१ आषाढ मसान्तको वासलात, मिति २०७० श्रावण १ गतेदेखि मिति २०७१ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्बन्धित अनुसूचिहरु छलफलका लागि सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**१. श्री उद्धव प्रसाद घिमिरे**

- बैंकको Dividend Capacity बढेकोमा धन्यवाद ।
- यस बर्ष १२ प्रतिशत बोनस शेयर दिने निर्णय सकारात्मक रहेको र आगामी वर्ष सो भन्दा बढी प्रतिफल प्राप्त हुने शुभेच्छा ।
- साधारणसभा बैठक पोखरा तथा काठमाडौंमा पनि गर्नुपर्ने सुझाव ।
- बैंकको Porfolio बढदै आएको स्वागत योग्य भएको विचार व्यक्त ।
- बैंकको Human Resource तथा Corporate social Responsibility तर्फ विशेष ध्यान दिन आग्रह ।
- Disaster Recovery Management लाई संवेदनशिल रुपमा लिन आग्रह ।
- निक्षेप परिचालन तथा Share Holder Equity लाई सवल रुपमा परिचालन गर्न आग्रह ।
- बैंकको Fixed Assets को समय अनुसार मूल्यांकन गर्नुपर्ने सुझाव व्यक्त ।
- बैंकको Gross Income बढेकोमा खुशी व्यक्त ।
- सरकारी ऋणपत्र तथा बण्डमा लगानी बढाउन सुझाव ।
- सम्भावित नोक्सानी व्यवस्था कम हुँदै जानु सकारात्मक पक्ष भएको धारणा व्यक्त ।
- Equity Position को हिसाबले यस बैंक अन्य बैंकहरुको तुलनामा सबल रहेको धारणा व्यक्त ।
- Non Banking Assets सके सम्म नबढाउन आग्रह ।
- यस बैंकले पनि मर्चेन्ट बैंकिङ्गको कारोबार तथा माइक्रो फाइनान्सको कारोबार गर्न Subsidiary Company खोल्न सुझाव । विशेष गरी कृषि क्षेत्रलाई ध्यान दिन आग्रह ।

२. **श्री लव राज जोशी**

- बैंकले गतिशिल रुपमा कार्य गरेमा शेयरधनीलाई प्रतिफल, कर्मचारीलाई बोनस र सरकारलाई उच्च कर तिर्न सकारात्मक भुमिका खेल्न सक्ने विचार व्यक्त ।
- बैंकलाई Top Ten बैंक भित्र कायम राख्न सबल रणनिति बनाउन सुझाव ।
- शाखालाई व्यवस्थित, गुणात्मक रुपमा परिचालन तथा सम्बन्धीत क्षेत्रका ग्राहकलाई सो क्षेत्रको विशेषता अनुरुप बैंकले सेवा प्रदान गर्नुपर्ने कुरामा जोड दिनु भयो ।
- बैंकको सामाजिक उत्तरदायित्व अर्न्तगत सहयोग गर्दा विषेश गरेर सरकारी क्षेत्रको ध्यान नपुगेको क्षेत्र तथा बैंकलाई समेत सकारात्मक प्रवाह पर्ने क्षेत्रमा सहयोग गर्न सुझाव ।
- व्याज तिर्न नपर्ने रकम बृद्धि सकारात्मक भएको धारणा व्यक्त ।
- नोक्सानी व्यवस्थाबाट रकम फिर्तामा बृद्धि, नोक्सानी व्यवस्था विगतमा भन्दा कमी आएकोमा खुशी व्यक्त ।
- कर्मचारीको मनोबल उच्च राख्न तथा कर्मचारीले बैंक छाड्ने प्रवृतिलाई कम गर्नुपर्ने धारणा व्यक्त । साथै कर्मचारीको बृतिविकास र तालिममा जोड दिन आग्रह ।
- जगेडा कोषमा रकम बृद्धि भएकोमा खुशी व्यक्त गर्दै सोको उपयोगका सम्बन्धमा जानकारी गराउन अनुरोध ।
- पूँजी बृद्धिको साथै मर्जर तर्फ पनि ध्यान दिनुपर्ने विचार व्यक्त ।

३. **श्री अमर तुलाचन**

- साधारण सभा समयमा नै गर्नु भएकोमा धन्यवाद व्यक्त ।
- बैंकले विशेष गरेर संस्थागत सुशासनमा ध्यान पुऱ्याउनुपर्ने धारणा व्यक्त ।
- गतसाल भन्दा निक्षेप र कर्जामा बृद्धि देखिएबाट प्रतिफलमा बृद्धि भई यस वर्ष १२ प्रतिशत बोनस शेयर दिएको सकारात्मक ।
- बैंकमा गैर बैंकिङ्ग सम्पत्ति बढी देखिएको कारणबारे जिज्ञासा व्यक्त गर्दै सोलाई घटाउँदै लग्नु पर्ने विचार व्यक्त ।
- साधारण सभामा मर्जर तथा बैदेशिक साझेदारीको प्रस्ताव नआएकोमा गुनासो तथा जिज्ञासा व्यक्त ।
- संचालकहरुको भत्ता बृद्धिको अनुपातमा बैंकले कार्य गुणस्तर समेत बृद्धि गरी लगानीकर्तालाई उच्च प्रतिफल दिनु पर्ने धारणा व्यक्त ।
- कर्मचारीको संख्यामा भएको बृद्धि सम्बन्धमा जिज्ञासा ।

४. **श्री नारायण सुन्दर श्रेष्ठ**

- सभामा भाग लिने अवसर प्राप्त भएकोमा आभार व्यक्त गर्दै अध्यक्षज्यूको स्वास्थ लाभको कामना ।
- विगत देखि नै अध्यक्षज्यूले शेयरधनीका आलोचनात्मक सुझावलाई सकारात्मक रुपमा लिनु भएकोमा धन्यवाद व्यक्त ।
- धेरै वित्तीय कम्पनीहरु संचालनमा कठिनाई आएतापनि यस बैंक सबल रुपमा संचालन भई रहेकोमा खुशी व्यक्त ।
- पोखराबासी लगायत नेपाल राज्य भरिका नागरिकलाई वित्तीय सेवा सुविधा पुऱ्याउनु भएकोमा सरहाना व्यक्त ।

- अन्य बैंक वित्तीय संस्थामा देखिएको समस्या यस बैंकमा नदोहोरियोस भन्ने तर्फ सचेत रहन आग्रह ।
- हकप्रद शेयर जारी गर्दा बैंकलाई पर्ने प्रभावलाई ध्यान दिन आग्रह ।
- Data Recovery सम्बन्धमा बैंकले अपनाएको सुरक्षा व्यवस्थाको सम्बन्धमा जिज्ञाशा व्यक्त ।
- बार्षिक साधारण सभा बढी खर्चिलो नबनाउन तथा सम्पूर्ण शेयरधनी महानुभावहरुले सहभागिता जनाउन सक्ने वातावरण सृजना गर्न आग्रह गर्नु भयो ।

**५. श्री शान्त बहादुर गुरुङ्ग**

- बैंक आर्थिक कारोबारको क्षेत्र भएकोले विशेष गरेर सुरक्षा व्यवस्थालाई सबल र मजबुत बनाउनुपर्ने र ग्राहकहरुलाई त्यसको प्रत्याभुति गराउन जोड दिने पर्ने सुझाव ।
- बैंकको संचालक समितिमा संस्थापक शेयरधनी तर्फबाट नियुक्त हुने नयाँ संचालकज्यूहरुलाई आगामी कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।
- बैंकको जगेडा कोषलाई शेयरमा परिवर्तन गर्नुपर्ने सुझाव व्यक्त गर्नुभयो ।
- बैंकले १२ प्रतिशत बोनस शेयर दिन सफल भएकोमा खुसी व्यक्त गर्दै प्रस्तुत आर्थिक प्रतिवेदन राम्रो अवस्थामा रहेको हुँदा समर्थन गर्दै पारित गर्नुपर्ने धारणा व्यक्त ।

**६. श्री युक्त बहादुर सुवेदी**

- बैंकले हासिल गरेको उपलब्धी तथा शेयरधनीहरुलाई १२ प्रतिशत बोनस शेयर वितरण गर्न सफल भएकोमा आभार व्यक्त ।
- बैंकमा रहेको खराब कर्जा सम्बन्धमा जिज्ञाशा व्यक्त गर्दै त्यस्ता कर्जा असुल उपरको सम्बन्धमा बैंकले गरिरहेको पहलको सम्बन्धमा जानकारी गराउनु अनुरोध ।
- हिजोको अप्ठेरा समय (द्वन्द काल, आर्थिक मन्दी) को अवस्थामा समेत संघर्ष गर्दै हालको उत्कृष्ठ आठ नम्बरको बैंक बनाउनमा अध्यक्षज्यूको योगदानको कदर गर्दै बैंकले उच्च मूल्यांकन गरिनु पर्ने ।
- भविष्यमा समेत बैंकले अझ राम्रो गर्दै जाने र शेयरधनीहरुलाई उचित प्रतिफल दिन सक्ने कुरामा विश्वस्त रहेको ।

**७. श्री रोज कुमार श्रेष्ठ**

- तीन बर्षको अन्तरालमा भएपनि १२ प्रतिशत बोनस शेयर वितरण भएकोमा खुशी व्यक्त गर्दै राम्रो प्रतिफल प्राप्त गर्न सकेकोमासम्बद्ध सम्पूर्ण पक्षलाई धन्यवाद ज्ञापन ।
- सम्भावित नोक्सानी व्यवस्था आगामी वर्ष पनि सोही अनुरुप कमी आउने आशा गरिएको ।
- बैंकको निक्षेप बृद्धि सकारात्मक रहेको र सोही अनुपातमा कर्जा प्रवाह भई रहेकोमा सन्तोष रहेको ।
- बैंकलाई अझ सुदृढ बनाउन नेपाल राष्ट्र बैंकको नयाँ नीति अनुसार Merger & Acquisition सम्बन्धमा सभामा प्रस्ताव नआएकोमा जिज्ञासा ।
- संस्थापक शेयरधनीहरुको तर्फबाट नयाँ नियुक्त हुने संचालकहरुलाई बधाई ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरण :**

वक्ताहरुको बोल्ने क्रम सकिएपछि सभापतिज्यूले बैंकको गतिविधिका सम्बन्धमा शेयरधनीहरुबाट राम्रो र गहकिलो सुझाव तथा प्रतिकृया प्राप्त भएकोमा धन्यवाद व्यक्त गर्नुभयो । विगत डेढ दशकको कार्य अनुभवका आधारमा देशको अस्थिर राजनैतिक अवस्था संग संगै बैंकले खराब कर्जाको कारण केही क्षति व्यहोर्नु परेको र बैंकको आन्तरिक कमाई, केही अचल सम्पत्तिको बिक्री तथा मर्जर प्रक्रियाबाट बैंकलाई सहज रुपमा माथि उकासेको अनुभव व्यक्त गर्नुभयो । हाल यस बैंकले हिमाल, पहाड, तराईमा आफ्ना सेवा विस्तार गर्दै बैंकले पनि समावेशितालाई समेत ध्यान दिएको सभालाई अवगत गराउनु भयो । आगामी संचालक समितिले बैंकलाई अझ सवल सक्षम र अवल बनाउन विशेष रुपमा लगानीकर्ता शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै कार्य सम्पादन गर्ने प्रतिबद्धता जनाउनु भयो । प्राप्त सुझाव तथा प्रतिक्रियाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै उहाँहरुबाट व्यक्त जिज्ञासाहरुलाई सम्बोधन गर्न प्रमुख कार्यकारी अधिकृत श्री तुलसीराम गौतमज्यूलाई समय दिनुभयो ।

**बैंकका प्रमुख कार्यकारी अधिकृत श्री तुलसीराम गौतमज्यूले दिनु भएको समुहगत जवाफ :**

शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०७०/७१ को वित्तीय विवरण तथा बैंकको कृयाकलापका सम्बन्धमा सुक्ष्म विश्लेषण गरेर दिनुभएका महत्वपूर्ण एवं सकारात्मक सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्दै बैंक सञ्चालनका सम्बन्धमा शेयरधनीहरुले दिनु भएका सम्पूर्ण राम्रा सुझावहरुलाई बैंकले लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो । साथै, शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

— Data Recovery को सम्बन्धमा एउटा Back Up बैंकको कर्पोरेट कार्यालय, लाजिम्पाटमा रहेको र अर्को काठमाडौं उपत्यका भित्रै अन्य स्थानमा रहेकोमा त्यसलाई उपत्यका बाहिर सार्ने कार्य भईरहेको ।

— बैंकको गैर बैकिङ्ग सम्पत्ति बढि देखिनुमा सम्बन्धित ऋणीहरुले बैंक उपर मुद्दा गरेको कारण उक्त सम्पत्ति लिलाम विक्री गर्न नसकिएको र आगामी केही समय भित्रै उक्त मुद्दाहरु किनारा लाग्ने र सो सम्पत्ति बिक्री गरिने हुँदा आगामी वर्ष NBA कम हुने ।

— केही खराब कर्जा अपलेखन गरिएको र उक्त कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दर्ता समेत भई मुद्दा विचाराधिन समेत रहेको र त्यस्ता बाँकी कर्जा उठाउने तर्फ पहल भई रहेको ।

— मर्चेन्ट बैंक र माइक्रो फाइनान्सको कारोबार गर्नको लागि सहायक कम्पनी खोल्ने सम्बन्धमा बैंक सकारात्मक रहेको ।

— कर्मचारी पलायनको सन्दर्भमा कर्मचारीको स्वः अध्ययन तथा व्यक्तिगत कारणले गर्दा विदेश जाने बाहेक बैंकमा काम गर्ने वातावरणका कारण कर्मचारी पलायन नभएको ।

— समय समयमा कर्मचारीहरुको तलब बृद्धि, बढुवा तथा उचित तालिमको व्यवस्था समेत गरिएको र यसलाई निरन्तरता दिईने ।

— विगतको सभामा मर्जर सम्बन्धी प्रस्ताव राखिएकोमा त्यसलाई बन्द नगरिएको, यो वर्ष बोनस, हकप्रद शेयर लगायत डिभेन्चरको माध्यमबाट बैंकको पूँजी बृद्धि गरिने भएकोले मर्जरलाई अगाडी नबढाईएको र आगामी दिनमा बैंकलाई चित्तबुझ्दो साझेदार प्राप्त भएमा मर्जर प्रक्रिया पुनः अगाडी बढाउन सकिने ।

— निक्षेपको अनुपातमा कर्जा कम प्रवाह भएको देखिए पनि ७८ प्रतिशत CDC Ratio रहेकोले सो नियमानुसार नै रहेको ।

— बैंकको कारोबारमा बृद्धि भएको र सो अनुरुप बैंकलाई जनशक्ति आवश्यक भएकोले गत वर्ष विज्ञापन गरी करीब ६० जना कर्मचारी नियुक्त गरिएको ।

— जगेडा कोषको रकम ने.रा.बैंकको निर्देशन तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको प्रावधान अनुसार शेयरमा परिवर्तन गर्न नमिल्ने । जगेडा कोषले बैंकलाई नै अझ मजबुत बनाउने जानकारी ।

— बैंकलाई माथिल्लो पाँचको श्रेणीमा पुऱ्याउने लक्ष्य यथावत रहेको र आगामी दुई तीन वर्ष भित्र सो लक्ष्यमा पुगिने प्रतिबद्धता व्यक्त गर्दै चालु आर्थिक बर्षको असोज मसान्तको नाफा विवरणको हिसाबले वाणिज्य बैंकहरुमा यस बैंक आठौं नम्बरमा रहेको सभालाई जानकारी गराउँदै सम्पूर्ण पक्षलाई धन्यवाद व्यक्त गर्नु भयो ।

## ११. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव तर्फ :

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७०/७१ को संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०७१ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७०/७१ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७१/७२ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखापरिक्षण समितिले कम्पनी ऐनको दफा १६५(घ) बमोजिम लेखापरीक्षकको रुपमा नियुक्त हुन योग्य टि.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्टस्लाई नियुक्तीका लागि सिफारिश गरेको र निजलाई आर्थिक बर्ष २०७१/७२ का लागि कूल पारिश्रमिक कर वाहेक रु. २,७५,०००/- (अक्षेरुपी दुईलाख पचहत्तर हजार) सिफारिस गरेको हुनाले सो सिफारिस साधारण सभाबाट स्वीकृतीका लागि सभापतिको अनुमतिले लेखापरिक्षण समितिका संयोजक श्री गोपी कृष्ण न्यौपानेज्यूले राख्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई सर्वसम्मतिले पारित गरियो ।

४. प्रस्ताव नं. ४ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. १,५६,५५,५४४.५९ (अर्थात चुक्ता पुँजीको ०.६३ प्रतिशत) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि) प्रदान गर्न पारित गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. प्रस्ताव नं. ५ बमोजिम संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ५ ( पाँच) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा नियुक्त हुनु भएका निर्बाचन अधिकृत श्री मुकुन्दराज अर्याललाई अध्यक्षज्यूबाट बैंकको नियमावली तथा संचालक निर्वाचन कार्यविधि निर्देशिका अनुसार सभालाई निर्वाचन कार्यक्रम सम्बन्धमा जानकारी गराउन तथा निर्णयार्थ सभामा पेश गर्न निर्वाचन अधिकृतज्यूलाई अनुरोध गर्नुभयो ।

तत्पश्चात निर्वाचन अधिकृतज्यूले निर्वाचनमा अपनाईएका प्रक्रिया तथा समय तालिका बारे विस्तृत जानकारी गराँउदै तोकिएको समयावधिमा निम्न ५ (पाँच) जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

| **क्र.सं.** | **उम्मेदवारहरुको नाम, थर** | **शेयरधनी समूह** |
|---|---|---|
| १. | श्री प्रकाश के.सी. | संस्थापक शेयरधनी समूह "क" |
| २. | श्री गोपी कृष्ण न्यौपाने (श्री हिमालयन ईन्टरप्राईजेट प्रा.लि. को तर्फबाट) | संस्थापक शेयरधनी समूह "क" |
| ३. | श्री ज्ञान प्रसाद कर्माचार्य | संस्थापक शेयरधनी समूह "क" |
| ४. | डा. विरेन्द्र प्रसाद महतो | संस्थापक शेयरधनी समूह "क" |
| ५. | श्री रोशन के.सी. | संस्थापक शेयरधनी समूह "क" |

संस्थापक शेयरधनी समूहका शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न ५ (पाँच) जना संचालकहरुको निर्वाचनमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी परेको हुँदा उल्लेखित ५ (पाँच) जना नै उम्मेदवारहरु निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन अधिकृतले घोषणा गर्नु भएकोमा सोलाई साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो । निर्विरोध निर्वाचित हुनुभएका उल्लेखित संचालकज्यूहरुलाई यस साधारण सभाका सभापति, निर्वाचन अधिकृत, बैंक व्यवस्थापन तथा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले बधाई एवं स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो।

## (ख) विशेष प्रस्ताव तर्फ :

१. विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. २९,७४,५५,३४७.२० बराबर (अथार्त प्रत्येक १०० कित्ता शेयर बराबर १२ कित्ताका दरले) वोनस शेयर वितरण गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं. २ बमोजिम प्रस्तावित बोनस शेयर जारि भई कायम भएको चुक्ता पूँजीको २०% अर्थात प्रत्येक ५ कित्ता शेयर बराबर १ कित्ताका दरले हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३. विशेष प्रस्ताव नं. ३ बमोजिम बैंकले आर्थिक वर्ष २०७०/७१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. १,३६,४२८/- अनुमोदन गरियोस भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरियो ।

४. विशेष प्रस्ताव नं. ४ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि छलफल पश्चात सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुबाट प्रस्तावित संशोधनमा प्रबन्धपत्रको दफा ४(कघ), ५(क), ५(ख) र ५(ग) तथा नियमावलीको नियम २६(४), २९(१)(क) र २९(१)(घ) मा देहाय बमोजिम संशोधन/थप गर्ने सर्वसम्मतिबाट निर्णय भयो । साथै, उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक फेरबदल/परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत्तिबाट निर्णय गरियो ।

**<u>प्रबन्धपत्र</u>**

**दफा ४ : बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :**

(कघ) प्रचलित कानून बमोजिम सम्बद्ध निकायको आवश्यक स्वीकृति/ इजाजत/ सदस्यता लिई ग्राहकहरुलाई धितोपत्रको निक्षेप सेवा (डिपोजिटरी पार्टिसिपेण्ट सर्भिसेस्) प्रदान गर्ने ।

**दफा ५ : बैंकको पूंजीको संरचनाः :**

(क) बैंकको अधिकृत पूंजी रू. ५,००,००,००,०००/- (अक्षेरुपी पाँच अरब) हुनेछ । सो पूंजीलाई रु. १००/- का दरले ५,००,००,०००/- (पाँच करोड थान) साधारण शेयरमा बिभाजित गरिएको छ ।

(ख) बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रू. ३,३३,१४,९९,८८८/६४ (अक्षेरुपी तीन अर्ब तेत्तीस करोड चौध लाख उनान्सय हजार आठसय अठासी र पैसा चौसट्ठी मात्र) हुनेछ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रू. ३,३३,१४,९९,८८८/६४ (अक्षेरुपी तीन अर्ब तेत्तीस करोड चौध लाख उनान्सय हजार आठसय अठासी र पैसा चौसट्ठी मात्र) हुनेछ ।

**<u>नियमावली</u>**

**नियम २६ : शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था :**

(४) बैंकले निष्काशन गर्ने हकप्रद शेयर खरिद गर्न पाउने साविकका शेयरधनीहरुले आफुले शेयर खरीद गर्न पाउने सम्पूर्ण वा आंशिक हकप्रद शेयर आफु खरिद नगरी अन्य व्यक्ति तथा संस्थालाई बिक्री/ हस्तान्तरण गर्न चाहेमा प्रचलित कानून बमोजिम तोकिएको प्रक्रिया अनुसार त्यस्तो हक बिक्री/ हस्तान्तरण गर्न सक्नेछन् ।

**नियम २९ : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**

(१)(क) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १०,०००/– (रुपैयाँ दश हजार) र सञ्चालकले पाउने बैठक भत्ता रु. ८,०००/– (रुपैयाँ आठ हजार) हुनेछ ।

(१)(घ) मोवाईल तथा पत्र पत्रिका खर्च प्रति महिना रु. १०,०००/– पाउने छ ।

(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

## १२. <u>संचालक श्री बिरेन्द्र प्रसाद महतोज्यूबाट धन्यवाद मन्तव्य :</u>

— यस बैंक १६ औं वर्ष सम्म आईपुग्दा विभिन्न उतार चढाव, बाधा अवरोधका बाबजुत बैंकलाई यो उचाई सम्म पुऱ्याउनु हुने बैंकका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा बैंकको मार्ग दर्शकको रुपमा उहाँ रहनु हुने आशा व्यक्त गर्नुभयो ।

— अध्यक्षज्यूले यस बैंकलाई जुन उचाईमा पुऱ्याउनु भएको छ, सो धरातललाई अझ माथि उठाउने काम अबको नयाँ संचालक समितिले गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

— विगतको सभामा व्यक्त भएका प्रतिवद्धता अनुरुप बैंकलाई अझ सबल रुपमा लैजान प्रतिबद्धता व्यक्त गर्नुभयो ।

— शेयरधनी लगानीकर्ताहरुको प्रतिफललाई अझ बृद्धि गर्न सर्वप्रथम बैंकको विभिन्न पूर्वाधारहरु बलियो बनाउने तर्फ संचालक समिति र व्यवस्थापन केन्द्रित हुने जानकारी गराउनु भयो ।

— बैंकका प्रमुख कार्यकारी अधिकृतज्यू, बैंकका सम्पूर्ण कर्मचारी वर्गको मेहेनत तथा बैंकलाई प्रत्यक्ष अप्रत्यक्ष विभिन्न माध्यमबाट सहयोग गर्ने सम्पुर्ण पक्षहरुका कारण आज यो बैंक सबल भएको हुँदा उहाँहरु लगायत शेयरधनी महानुभाव तथा ग्राहक महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

— सभामा शेयरधनी महानुभावहरुबाट प्राप्त सल्लाह, सुझावहरुले बैंकलाई मार्गदर्शन तथा उर्जा प्राप्त हुने भएकोले त्यसको पूर्ण परिपालना हुने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा पनि आदरणीय शेयरधनी महानुभावबाट यस्तै गहन सल्लाह सुझावको अपेक्षा गर्दै सम्पूर्ण पक्षलाई धन्यवाद व्यक्त गर्नुभयो ।

## १३. सभापतिज्यूबाट सभाको विषर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेको सम्पूर्ण विषयहरु प्रस्तावको रुपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तुत प्रस्तावहरु सभाबाट पारित भएको घोषणा गर्नुभयो ।

संस्थापक समूह “क” अन्तर्गतका शेयरधनीहरुका तर्फबाट संचालक समितिमा निर्विरोध निर्वाचित हुनु भएका संचालकहरु श्री प्रकाश के.सी.ज्यू, श्री हिमालयन ईन्टरप्राईजेट प्रा.लि. को तर्फबाट श्री गोपी कृष्ण न्यौपानेज्यू, श्री ज्ञान प्रसाद कर्माचार्यज्यू, डा. विरेन्द्र प्रसाद महतोज्यू र श्री रोशन के.सी.ज्यूलाई बधाई एवं स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

साथै, शेयरधनी महानुभावहरुले समय समयमा प्रदान गर्दै आउनु भएका सल्लाह सुझावले बैंकलाई नीति निर्धारण गर्न एवम् बैंकको कृयाकलापलाई नयाँ दिशा एवम् गति दिनमा महत्वपूर्ण मार्ग निर्देशन प्राप्त हुँदै आएको जानकारी गराउनु भयो । सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरीदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्स्चेञ्ज प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्दै आजको यो सोह्रौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

.................
टिका भट्टराई
कम्पनी सचिव

.......................
सूर्य बहादुर के.सी.
सभाका सभापति/ अध्यक्ष